पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया वन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्युटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्युजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोवर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १० गते आइतबार ❑ 23 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## अख्तियारमा गरिने नियुक्ति प्रक्रिया परिवर्तन गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
दमौली ९ चैत



नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरिने नियुक्ति प्रक्रिया परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ।

कांग्रेस तनहुँ क्षेत्र नं २ ले शनिबार दुलेगौडामा आयोजना गरेको क्षेत्रीय सम्मेलनमा उहाँले अहिलेको कानुनी व्यवस्थाका कारण नियुक्ति प्रक्रिया राजनीतिबाट प्रभावित हुनसक्ने जोखिम रहेकाले यसलाई परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो।

महामन्त्री शर्माले भन्नुभयो, "अब कानुन, प्रशासनलगायत क्षेत्रमा २० वर्ष बढी काम गरी अनुभव बटुलेका, निष्पक्ष व्यक्तिलाई खुला प्रतिस्पर्धाबाट नियुक्त गरौँ। मैले यो विषय राज्य व्यवस्था तथा सुशासन समितिमा उठाइरहेको छु। विस्तारै यो बहसमा आउने विश्वास छ। खुल्ला प्रतिस्पर्धाबाट आएका व्यक्तिले थप निष्पक्ष र पारदर्शी ढङ्गबाट काम गर्न सक्छन्।" सरकारले हालै ल्याएको अध्यादेश सुशासन कायम गर्नका लागि भएको उहाँले प्रष्ट पार्नुभयो।

महामन्त्री शर्माले पार्टीको महाधिवेशन २०८४ अगावै हुने बताउनुभयो। उहाँले भन्नुभयो, "२०८४ मा आमनिर्वाचन हुने भएकाले पार्टीको महाधिवेशन उक्त निर्वाचन अघि सम्पन्न गर्नुपर्ने अवस्था छ।" कांग्रेसको विधान र मुलुकको संविधानले पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्ने स्पष्ट उल्लेख गरेकाले बढीमा छ महिनासम्म मात्रै समय थप गर्न सकिने उहाँको भनाइ थियो। कांग्रेसको महाधिवेशन विसं २०७८ मा भएकाले विसं २०८४ को निर्वाचनपछि महाधिवेशन हुन्छ भन्ने नसोच्न उहाँले पार्टीको नेता, कार्यकर्तालाई आग्रह गर्नुभयो। महामन्त्री शर्माले पार्टीको महाधिवेशनका सन्दर्भमा चैत महिनाभित्र क्रियाशील सदस्यताको नवीकरण गर्ने काम सम्पन्न भइसक्ने जानकारी दिनुभयो। महामन्त्री शर्माले कांग्रेस आफैँमा बलियो हुनुपर्नेमा जोड दिँदै सबैबीच एकता र सद्भाव कायम राख्न सक्नुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "कांग्रेसले आन्तरिक सुधार गर्नुपर्छ। एउटा कांग्रेसले अर्को कांग्रेसको अस्तित्व स्वीकार गर्न सकेमात्रै जनताले कांग्रेसलाई स्वीकार गर्नेछन्। पार्टीभित्रका समस्या समाधान गर्दै कांग्रेस एक बनाउने अभियानमा सबै लाग्नुपर्छ।" महामन्त्री शर्माले पार्टीभित्रको वर्तमान व्यवस्थालाई बलियो बनाउँदै सुधार गरेर लैजानुको विकल्प नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "जनताका निराशा र असन्तुष्टि सम्बोधन गर्ने प्रमुख जिम्मेवारी राजनीतिक दलको हो। यसका लागि सबै दलबीच समन्वय र सहकार्य आवश्यक छ।"

## पर्यटन प्रवर्द्धन गर्दै पोखरेली टोली चीनका विभिन्न शहरमा निम्तो दिँदै

**दीननाथ बराल**
चीन, लुजाउ, ९ चैत



पर्यटनको राजधानी पोखरामा चिनियाँ पर्यटकलाई निम्तो दिँदै पोखराका पर्यटन व्यवसायि यति बेला चीनका विभिन्न शहरमा पुगु भएको छ।

पोखरामा पहिलो पटक सिचुवानएअरलायन्सकोविमानबाट चीनको छेन्दु बिमानस्थलमा पुगु भएको पोखराका पर्यटक व्यवसायिकहरू चिनियाँ पर्यटकहरूलाई पोखर सहित पोखरा बोलाउन चिनका विभिन्न शहरमा पुगेर निम्तो बाड्दै प्रमोशन मिसन टुर बी टु बी कार्यक्रम गर्दै हुनुहुन्छ।

चैत ५ गते चिनको छेन्दु पुगेको पोखरा पर्यटन व्यवसायिको टोलीले आज साँझ छोडसिङमा प्रोमोशन मिसन टुर बी टु बी कार्यक्रम हुने भएको पोखराका पर्यटन व्यवसायिहरूको छाता संस्था पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो। पोखराका मेयर धनराज आचार्यको नेतृत्वमा चिन पुगेको १ सय २६ सदस्य टोलीले चिनको छेन्दु, लुजाउ, ईमि लगायतका पर्यटकीय शहर हरूमा पुगेर पर्यटकलाई बोलाउदै व्यवसाय प्रबर्द्धनमा जुटेको उहाँले बताउनुभयो।

यसैबिच, महानगरको टोली चीनको सिचुवान प्रदेशको लुजाउ सहर पुगेको छ। पोखराको जस्तै प्रकृति भएको लुजाउन पुगेर पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पर्यटन, शिक्षा, स्वास्थ्य र खेलकुदमा सहकार्य गर्ने बताउनु भयो।

लुजाउ सहरले पोखरेली टोलीलाई भव्य स्वागत गऱ्यो र आफ्नो सहरका विशेष क्षेत्रहरुको भ्रमण गरायो। दुई सहरबीच आपसी सहयोग आदानप्रदानबारे छलफल गर्नु भयो। पोखराले लुजाउबाट प्रविधि र पर्यटकीय सहयोग मागेको छ। लुजाउले पोखरासँग मिलेर प्राचिन औषधीसँगै पर्यटनमा काम गर्ने इच्छा देखाएको छ भने आफ्नो मितेरी गाउँलाई नजिक बनाउनका लागि हवाई मार्ग प्रभावकारी हुने निष्कर्ष निकाल्दै पोखरादेखि छेइदु उडानलाई नियमित बनाउन पहल गर्ने बताउनु भयो। पोखरा महानगरका मेयर धनराज आचार्य र लुजाउ सहरका मेयर तथा चिनियाँ कम्युनिष्ट पार्टी लुजाउका उपसचिव यु जिआनले भेटका क्रममा पर्यटन र संस्कृति, खेलकुद, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा सहकार्य गरेर अघि बढ्ने सहमति गर्नु भएको छ। यसको औपचारिक रुपमा सम्झौता भने केही समय पश्चात् गर्ने मेयर आचार्यले बताउनु भयो।

कार्यक्रममा पोखराका तर्फबाट मेयर आचार्यसँगै प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र वडा नम्बर २१ का अध्यक्ष दीपक सुवेदी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्षका कार्यसम्पादन समिति संयोजक गोपी भट्टराई, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी उपस्थित रहेको थियो।

लुजाउका तर्फबाट मेयर जिआनसँगै साउथवेष्ट मेडिकल युनिभर्सिटीका अध्यक्ष हा ताओ, लुजाउका उपमेयर लुआ सुपिङ, महानगरका महासचिव लि भ्फेन्जिआओ, संस्कृति, रेडियो, टिभी तथा पर्यटन विभागका निर्देशक लि लिङ,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मानवकल्याणका क्षेत्रमा सामाजिक संस्थाको योगदान अनुकरणीय: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सामाजिक संस्थाले मानव कल्याणको क्षेत्रमा गरेको योगदान अनुकरणीय रहेको बताउनुभएको छ।

नेपालका लायन्स क्लबहरूले स्वास्थ्य, शिक्षा, प्राकृतिक विपद्का क्षेत्रमा गरेको काम प्रशंसनीय रहेको उहाँले बताउनुभयो। लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एम नेपालको पोखरामा आयोजित तेस्रो महाधिवेशनमा प्रमुख अतिथि भट्टले मानवीय सेवामा समर्पित पवित्र मन भएका व्यक्तिहरु आबद्ध रहेको लायन्स क्लबले गरेको सामाजिक कार्यहरूको प्रशंसा गर्नुभएको हो। 'भूकम्प, बाढीपहिरोजस्ता समस्याले ठूलो धनजनको क्षति पुऱ्याउने गरेको हुँदा राज्यका साथसाथै सामाजिक संस्थाले पनि प्रकोप न्यूनीकरणमा सहयोग गर्दै आएका छन्। त्यसमा लायन्सको भूमिका पनि अग्रणी रहेको छ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो। लायन्स क्लबको मुख्य उद्देश्य नै समाजसेवा रहेको भन्दै उहाँले स्वयंसेवी व्यक्तिहरु निर्माण गर्न लायन्सको ठूलो योगदान रहेको उल्लेख गर्नुभयो। 'समाज व्यक्तिवादी हुँदै गएको बेला लायन्स जस्ता सामाजिक संस्थाले सानो उमेरदेखि नै स्वयंसेवी भावना पैदा गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ।' उहाँले भन्नुभयो - 'सामाजिक सेवामा लाग्ने व्यक्तिको मूल्यांकन भावी पुस्ताले पनि गर्दछ। जसले समाजमा योगदान पुऱ्याउँछ, निश्चय नै समाजले त्यो व्यक्ति/संस्थाको मूल्यांकन उच्च रुपमा गर्ने गर्दछ।'

मानव समुदायलाई सुसंस्कृत, अनुशासित एवं सुयोग्य पात्र बनाउने भूमिकामा हामी सबै लाग्नुपर्नेमा जोड दिँदै उहाँले हरेक मानिसलाई आफ्नो र परिवारसँगै समाज र राष्ट्रका लागि योगदान दिनु पर्छ भन्ने भावना जागृत गराउन आवश्यक रहेको बताउनुभयो। पछिल्लो समय लायन्स क्लबको संगठन विस्तार विशेष रुपमा भएको पाएको बताउँदै उहाँले यो विस्तारबाट समन्वयमा प्रभावकारिता, संगठन विस्तारमा टेवा, अन्तर्राष्ट्रिय सहयोग जुट्ने अवसर एवं सम्भावना र नेतृत्व निर्माण गर्नका लागि थप अवसर सृजना गरेको बताउनुभयो। सन् १९१७ मा अमेरिकाको शिकागो शहरमा स्थापित लायन्स अन्तर ष्ट्रिय १०८ वर्ष लागिसकेको छ। नेपालमा पनि ५४ वर्ष पूरा भएको परिप्रेक्ष्यमा १५ वटा डिस्ट्रिक्ट अन्तर्गत २१ सय भन्दा बढी क्लब र ४४ हजार सदस्य आबद्ध भइसकेका छन्। डिस्ट्रिक्ट ३२५ एम अन्तर्गत देशभर १४० क्लब र ३५ सय बढी सदस्य छन्।

## 'सङ्घीयतालाई सुदृढ बनाउन जरुरी छ'

**पोखरापत्र संवाददाता**
बागलुङ ९ चैत




पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सङ्घीयतालाई सुदृढ बनाउन जरुरी रहेको बताउनुभएको छ।

बागलुङ नगरपालिकामा शनिबार आयोजित भेटघाट कार्यक्रममा उहाँले सङ्घीयताविरुद्ध विभिन्न गतिविधि भइरहेका भन्दै तिनलाई परास्त गर्न थप सुदृढीकरणका काम गर्न आवश्यक रहेको बताउनुभएको हो।

नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष श्रेष्ठले जनताको नजिक रहेको स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो। संविधानले स्थानीय तहलाई बलियो बनाउने व्यवस्था गरेको भन्दै उहाँले जनताका आधारभूत आवश्यक पूरा गर्न गम्भीर भएर लाग्न जनप्रतिनिधिलाई आग्रह गर्नुभयो। वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "सङ्घीय व्यवस्थालाई थप सबल र सरल बनाउनुपर्छ। तीनै तहका सरकारलाई बलियो र मजबुत बनाऔँ भने मात्रै नागरिकले सङ्घीयताको अनुभूति गर्न सक्छन्। यसमा केन्द्र सरकारले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्छ। स्थानीय तहलाई थप बलियो बनाउन समानुपाति ढङ्गले बजेट व्यवस्थापन तथा वितरणमा ध्यान दिनुपर्छ।"

सरकारले सङ्घीयताको आभास हुने गरी सेवा प्रवाहलाई प्रभावकारी गराउनु पर्नेमा उहाँले जोड दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रगतिशील लेखक संघ, गण्डकीमा प्रा. डा. उपाध्याय

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत



प्रगतिशील लेखक संघ गण्डकीको शनिबार पोखरामा भएको तेस्रो अधिवेशनले प्राध्यापक डा. यदुनन्दन उपाध्यायको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

अधिवेशनले उपाध्यक्षद्वयमा कल्पना पौडेल र निर्मल सापकोटा, सचिवमा रुपिन्द्र प्रभावी जोशी तथा कोषाध्यक्षमा गीता तिवारीलाई जिम्मेवारी दिएको छ। त्यस्तै संघका गोर्खा अध्यक्ष विश्वेश्वर कट्टेल, लमजुङ अध्यक्ष बासुदेव थापा, तनहुँ अध्यक्ष विनोदकुमार विक, स्याङ्जा अध्यक्ष अनन्त अर्याल, कास्की अध्यक्ष छवि सुवेदी विजयी, नवलपुर अध्यक्ष काशीराम गैरे, पर्वत अध्यक्ष आनन्द रिमाल, वाग्लुङ अध्यक्ष विजय राना तथा म्याग्दी अध्यक्ष लीला गाउँले पदेन सदस्य नियुक्त भए । त्यसैगरी अधिवेशनले बाबुराम सुवेदी, श्रीभद्र पौडेल, भोलाप्रसाद बस्ताकोटी, नारायण लम्साल, युवराज पौडेल, शम्भु अर्याल, अर्जुनप्रसाद सुवेदी, लोकनाथ पुडासैनी, रञ्जना खत्री, भरत बाग्लुङे, गणेश अधिकारी, छन्दमणि त्रिपाठी, निर्मल पौडेल, लक्ष्मी सिग्देल, नेपालप्रकाश अधिकारी, शोभासिंह ठकुरी र आकाश अधिकारीलाई सदस्यको जिम्मेवारी दिएको छ।

अधिवेशनकै बिच संघको आवधिक प्रकाशन गण्डक आलोक भाग २ निबन्ध विशेषाङ्कको परिचर्चा भयो । त्यस्तै सङ्घका संस्थापक अध्यक्ष लोकबहादुर थापालाई गण्डक साहित्य पुरस्कारबाट सम्मानित गरियो । अधिवेशन उद्घाटन गर्दै संघका केन्द्रीय उपाध्यक्ष एवम् गण्डकी प्रदेश इञ्चार्ज समीर सिंहले प्रगतिशील साहित्य आन्दोलनलाई साझा बनाउनुपर्नेमा जोड दिँदै साहित्यकारले आफ्ना सिर्जनामा निखारता ल्याउनुपर्ने औँल्याए । उनले स्रष्टाले आफू कति प्रगतिशील भएँ भनेर समीक्षा गर्नुपर्ने उल्लेख गर्दै नेपालको वामपन्थी आन्दोलनलाई चलायमान बनाउन प्रगतिशील लेखक संघको भूमिका महत्वपूर्ण रहँदै आएको औँल्याए।

त्यस अवसरमा प्रगतिशील लेखक संघका केन्द्रीय महिला उपाध्यक्ष नमुना शर्मा, एमाले गण्डकीका सचिव धनञ्जय दवाडी, क्रान्तिकारी कम्युनिस्ट पार्टीका नारायण अधिकारी, नेपाल कम्युनिस्ट पार्टीका सावित्रा दुरा, पृथ्वीनारायण क्याम्पस नेपाली विभाग प्रमुख डा.यमनाथ तिमिल्सिना, राष्ट्रिय जनमोर्चा कास्कीका अध्यक्ष शंकर बराल, मार्क्सवादी अध्ययन स्रोत केन्द्रका अध्यक्ष झलकपाणि तिवारी, नेकपा (माओवादी केन्द्र) गण्डकीका शिवजी लामिछाने, नेकपा क्रान्तिकारी गण्डकी प्रदेशका सचिव नारायण अधिकारी, समीक्षकद्वय लोकबहादुर थापा र डा. भूमिराज बस्ताकोटी, वामपन्थी बुद्धिजीवी रामराज रेग्मी लगायतले प्रगतिशील लेखनको महत्त्वमाथि प्रकाश पारे।

संघका अध्यक्ष यादवराज उपाध्यायको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष धुव्रलाल शर्माले स्वागत कोषाध्यक्ष निर्मल सापकोटाले कार्यक्रम सञ्चालन गरे । अधिवेशनले अध्यक्ष उपाध्यायले प्रस्तुत गरेको प्रगति प्रतिवेदन र कोषाध्यक्ष निर्मल सापकोटाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ।

# एलजीलाई 'चौथो शितलज्योतिकप' को उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत




पोखरा रंगशालामा शनिबार सम्पन्न भएको चौथो शितलज्योतिकपको उपाधि एलजी एशोसिएनले उचालेको छ।

एलजी एसोशिएसनले साहारा क्लबलाई ४-१ गोल अन्तरले पराजित गर्दै उपाधि उचालेको हो । एलजीलाई जित दिलाउने क्रममा आशिष गुरुङले ह्याट्रिक गरे । उनी फाइनल खेलमा म्यान अफ दि म्याच घोषित भए । उनले खेलको ३८ औं ,५०औं र ५६ औ मिनेटमा गोल गरेका हुन । पहिलो हाफको २८ औं मिनेटमा वर्षाका कारण केहि समय खेल रोकिए पछि पुनःसंचालन आएको ७ औं मिनेटमा साहाराका सुमन श्रेष्ठले गोल गर्दे टीमलाई अग्रता दिलाएका थियो । तर त्यो अग्रता लामो समय टिक्न सकेन। खेलको ८१ औं मिनेटमा एलजीका सिद्धार्थ रंन्जितले अर्को गोल थप्दै जित पक्का गर्यो।

जित सँगै उपाधि विजेता एलजी एसोसिएसनले नगद २ लाखसहित शिल्ड मेडल,र प्रमाणपत्र प्राप्त गरेको छ भने उप-विजेता साहारा क्लबले नगद १ लाखसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्यो।

प्रतियोगितामा एलजीका हेमन्त तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले माउन्टेन बाइक प्राप्त गर्यो। त्यस्तै सर्वाधिक गोलकर्ता नाकोड्सका सोबित भण्डारी,उत्कृष्ट गोलरक्षक एलजीकै आकाश रानाभाट,उत्कृष्ट डिफेन्डर साहाराका संगित छन्तयाल,उत्कृष्ट मिडफिल्डरमा साहाराका सुसिल लामा र उत्कृष्ट प्रशिक्षकमा एलजीका ओम गुरुङ घोषित भए । उनीहरुले जनही ५ ५ हजार प्राप्त गरे।

विजेताहरुलाई पोखरा १२ का अध्यक्ष सन्तोष बास्तोला,कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्वल रञ्जित,शितलज्योति युवा क्लबका अध्यक्ष नर प्रसाद गुरुङ,समाजसेवि टिका बहादुर कार्की,शान्तकुमारश्रेष्ठ,शितलदेवि टोल विकास संस्थाका अध्यक्ष शुसिला श्रेष्ठ,पोखरा १२ का वडा सदस्य शान्ति कोइराला,शान्त बहादुर थापा लगायतले पुरस्कार वितरण गरेका थिए।

# 'वाडा अटो शो'को पूर्व सन्ध्यामा पोखरामा मोटर ऱ्याली आयोजना

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत




पोखरामा 'कार मोटर र्याली' सम्पन्न भएको छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल र पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) पोखराद्वारा आयोजित ' वाडा अटो सो २०२५' को पूर्व सन्ध्यामा शनिबार पोखरामा मोटर र्याली आयोजना गरिएको हो।

पोखरा रंगशालाबाट र्याली सुरु भएको थियो । गण्डकी प्रदेशका युवा, खेलकुद तथा सामाजिक विकास मन्त्री विन्दुकुमार थापाले फ्ल्याग अफ गरी ऱ्यालीको उद्घाटन गरे । र्यालीमा ५२ वटा गाडीमा १५० जना सहभागी भएको वाडाका वरिष्ठ उपाध्यक्ष एवं र्याली कार्यक्रम संयोजक शिव श्रेष्ठले जानकारी दिए। र्याली पृथ्वीचोक, मुस्ताङचोक, बिरौटा, ड्यामसाइड, राष्ट्रबैंकचोक, बसुन्धारा पार्क, वाराहीचोक, हल्लनचोक, जिरो किमी, हरिचोक, हेम्जा, घट्टेखोला, नौंडाडा, कास्कीकोट, सराङकोट, विन्ध्यबासिनी, बागलुङ बसपार्क, नालामुख, तेस्रापट्टी, महेन्द्रपुल, नयाँबजार, पृथ्वीचोक, सभागृह, न्युरोड, चिप्लेढुंगा, महेन्द्रपुल, रानीपौवा, हस्पिटलचोक हुँदै र्याली अमर सिंहचोक मैदानमा पुगेर समापन भएको हो । ऱ्यालीमा पुरुषतर्फ शोवितमान बुद्धाचार्य प्रथम, सुमन बिजुक्छे दोस्रो र सुनिल श्रेष्ठ तृतीय भएका छन् । महिलातर्फ तिसा जोशी प्रथम, रोमिका बुद्धाचार्य दोस्रो र शोभा केसी तृतीय भएकी छन्।

नाडा र वाडासहित गण्डकी प्रदेश अटोमोबाइल संघ (नासा गण्डकी), नेपाली युवा उद्यमी मञ्च पोखरा, जोन्टा क्लब पोखराको संयुक्त आयोजनामा मोटर र्याली आयोजना गरिएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि विन्दुकुमार थापाले पोखरामा अटो शो आयोजना हुनु राम्रो पक्ष रहेको बताए । विशेष अतिथि नाडाका निबर्तमान अध्यक्ष ध्रुवबहादुर थापाले पोखरामा अटो शो आयोजना गर्दा अटो क्षेत्रलाई चलायमान बनाउन योगदान पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा वाडाका अध्यक्ष दिपेन्द्र कोइराला, वाडाका उपाध्यक्ष एवं अटो शो संयोजक निरन केसी लगायतले बोलेका थिए। चैत १४ देखि १७ सम्म पोखराको अमरसिंहचौरमा अटो सो हुनेछ । अटो सोका लागि २-पाङ्ग्रे, ३-पाङ्ग्रे, ४-पाङ्ग्रे, लाइट कमर्शियल, वित्तीय संस्था, इन्स्योरेन्स, अटो कम्पोनेन्ट्स् एवं ग्यारेज उपकरण लगायत कम्पनीहरुको स्टल रहने संयोजक निरन केसीले जानकारी दिए।

# अभियान महिला समूहको अध्यक्षमा केसी निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत



पोखरा महानगरपालिका वडा नं ५ जिरो किमीस्थित अभियान महिला समूहको अध्यक्षमा टीका केसी निर्वाचित भएकी छन् । समूहको शनिबार भएको आठौँ वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट केसी अध्यक्षमा सर्वसम्मत निर्वाचित भएकी हुन्।

त्यसैगरी समूहको उपाध्यक्षमा सिर्जना थापा, सचिवमा रविना थापा, कोषाध्यक्षमा पवित्रा थापा, सहसचिवमा बिष्णु कार्की र सहकोषाध्यक्षमा सीमा थापा छन्। त्यस्तै कार्यसमिति सदस्यमा सावित्री गिरी, सीता सीके, मीना थापा, अम्बिका लामिछाने, हरिमाया केसी, कल्पना बास्तोला, बीना मिश्र, रञ्जु पौडेल, उजेली थापा, माया थापा र पार्वती केसी छन् । निर्वाचन अघि भएको कार्यक्रममा पोखरा ५ का वडा अध्यक्ष विष्णुप्रसाद बरालले पछिल्लो समय सामाजिक काममा समेत महिलाहरुको सहभागिता बढी देखिएकले खुसी व्यक्त गरे । वडाका हरेक गतिविधिमा महिलाहरु सहभागी हुनुपर्ने उनको भनाइ छ । त्यस्तै वातावरण संरक्षणका लागि महाअभियानका संयोजक रामबहादुर पौडेलले नेपाली कला संस्कृतिको संरक्षण गर्न सबै लाग्नुपर्ने बताए। कुनैपनि कार्य गर्दा नैतिक आचरणमा रहेर काम गर्नुपर्ने उनको जोड थियो । साथै असल समाज र असल नागरिक बनाउन सबैले खबरदारी गरिरहनुपर्ने पौडेलले बताए । त्यसैगरी वडा सदस्य कल्पना भुवाजी क्षेत्रीले महिलाहरुले सबै क्षेत्रमा अगाडि बढाउन महिला समुहको ठूलो भूमिका रहने बताईन् । अहिलेको समय भाषण र कुरा भन्दा कामलाई बढी जोड़ दिनुपर्ने उनको भनाइ छ । कार्यक्रममा अभियान युवा क्लबका अध्यक्ष कृष्ण बहादुर थापा, समूहकी संस्थापक अध्यक्ष राजकुमारी थापा, अभियान युवा क्लबका पूर्व अध्यक्ष मोहन ब केसी, समूहकी पूर्व अध्यक्ष शर्मिला केसी, अभियान युवा क्लबका निवर्तमान अध्यक्ष राजु गिरी, नन्दकिशोर टोल विकास समितिका अध्यक्ष गोपालबहादुर थापालगायतले शुभकामना मन्तव्य राखेका थिए । सम्मकी अध्यक्ष लक्ष्मी शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा समूहकी सदस्य कल्पना बास्तोलाले शुभकामना मन्तव्य राखेकी थिइन् । कार्यक्रमको सञ्चालन समूहकी सचिव सिर्जना थापाले गरेकी थिइन्।

# लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन : महामन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
दमौली, ९ चैत

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले लोकतान्त्रिक गणतन्त्रको विकल्प नभएको बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँ जिल्ला कार्यसमितिले आज यहाँ आयोजना गरेको कार्यकर्ता भेटमा उहाँले वर्तमान व्यवस्थालाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो । वर्तमान व्यवस्थाको विकल्प राजतन्त्र नभएको उल्लेख गर्दै महामन्त्री शर्माले राजतन्त्र पुनःस्थापना हुने भ्रमबाट मुक्त हुन सम्पूर्ण नागरिकलाई आग्रह गर्नुभयो। उहाँले जनतामा निराशा र असन्तुष्टि रहेको स्वीकार गर्दै त्यसलाई सम्बोधन गर्न विलम्ब हुननुहुने बताउनुभयो।

महामन्त्री शर्माले चैत ५ गते भएको स्ववियु निर्वाचनको नतिजाले नै राजतन्त्रको पक्षमा जनमत छैन भन्ने पुष्टि गरेको बिताउनुभयो।

उहाँले पार्टी बलियो हुनुपर्ने र त्यसका लागि सबै कार्यकर्ताबीच एकता अपरिहार्य छ भन्नुभयो । एउटा कांग्रेसले अर्को कांग्रेसको अस्तित्व स्वीकार गर्न सकेमात्रै जनताले कांग्रेसलाई स्वीकार गर्ने महामन्त्री शर्माको भनाइ थियो।

## पर्यटन ...

परराष्ट्र मामिला निर्देशक लिन यू र पार्टी कमिटी सचिव तथा साउथवेष्ट मेडिकल इन्भेष्टमेण्ट ग्रुपका अध्यक्ष लिन जिआन सहभागी हुनु भएको थियो।

पोखराका मेयर आचार्यले पोखरा र नेपालको पर्यटकीय गन्तब्यहरुबारे चिनियाँ मिडिया मार्फत प्रचार गरेकोमा धन्यवाद दीदै यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो। लुजाउका मेयर जिआनले पोखराबारे धेरै सुनेपनि पुग्न नपाएको भन्दै छिटै पोखरा भ्रमण गर्ने ईच्छा व्यक्त गर्नुभयो। दुई मेयरहरुले नेपाल र चीनको द्धौत्य सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको अवसरमा चीनले नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको र पोखराले पोखरा भ्रमण वर्ष मनाइरहेका छन् । सिचुवान प्रान्तमा ९ करोड जनसंख्या, लुजाउमा ५० लाख भन्दा बढी जनसंख्या भएको सहर हो।

चीनकै उत्कृष्ट पर्यटन सहरको रुपमा स्थापित लुजाउले विश्वका २ वटा अन्तर्राष्ट्रिय सहरमा भगिनी सम्बन्ध कायम गरेको छ। यता पोखराको भने १२ वटा सहरसँग भगिनी सम्बन्ध छ। तिमध्ये ८ वटा सहर चीनकै छन् । मेयर आचार्यको टोलीले लुजाउको साउथवेष्ट मेडिकल युनिभर्सिटी, हुवावे सिचुआन विग डाटा सेण्टरको भ्रमण समेत गर्नु भएको थियो। भ्रमणका क्रममा नेपाली बिधार्थीहरूले ईनटनशिप नेपालमै गर्ने ईच्छा व्यक्त गर्दै केही छात्रवृत्तिको कोटा बृद्धी गर्न माग गर्नुभयो।

पोखराका मेयर धनराज आचार्यले पोखरा भ्रमण बर्ष २०२५ को अवसरमा २० लाख पर्यटक भित्राउने लक्ष्यमा चिनियाँ ५ लाख पर्यटक पोखरा जाने विश्वास व्यक्त गर्नु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले सेल्स मिसन टुरलाई समेत सहयोग गरेको छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# देशलाई अस्थिरतातर्फ धकेल्ने षडयन्त्र भइरहेको छ : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
गोरखा ९ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देव गुरुङले देशलाई अस्थिरतातर्फ धकेल्ने षडयन्त्र भइरहेको बताउनुभएको छ।

तमु मुक्तिमोर्चा गोरखाको छैटौं जिल्ला सम्मेलनको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले देशमा राजतन्त्र फर्काउने बाहानामा चलखेल र षडयन्त्र भइरहेको बताउनुभयो। "प्रतिगामी शक्तिहरूले उचाल्ने, पर्छाने र राष्ट्रिय राजनीतिमा अस्थिरता सृजना गर्न खोजिरहेका छन्। अब देशमा गणतन्त्रको विकल्प छैन", महासचिव गुरुङले भन्नुभयो, "यो अवस्थालाई ध्यानमा राखेर प्रतिगमनको विरोध र भण्डाफोर गर्नुपर्छ।" उहाँले कुनै सरकार वा व्यक्ति असफल भएमा त्यसको विकल्प अर्को पार्टी र व्यक्ति हुने भन्दै राजसंस्था कुनै पनि अवस्थामा विकल्प हुने नसक्ने धारणा राख्नुभयो।

मुलुकका परिवर्तनका लागि माओवादीले सबैलाई गोलबन्द गरेर अगाडि बढ्नुपर्ने भन्दै महासचिव गुरुङले फेरि माओवादीले अभिभावकीय भूमिका लिनुपर्ने अवस्था आएको बताउनुभयो । "सबै दललाई कुनै न कुनै ढङ्गले सहमति र सहकार्यमा ल्याएर राष्ट्रिय एकता कायम गर्दै एकाधिकार, दलाल पुँजीवादी प्रभुत्वलाई सदाका लागि विस्थापित गर्नुपर्ने बेला आएको छ। त्यो वातावरण बन्दैछ", उहाँले भन्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : बिसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# जनतालाई कानुनी सहायता देऊ

नेपालले संविधान बनेको १० र कानुन बनेको ६ वर्षमै उपभोक्ता अदालत गठन गरेको छ । उपभोक्ता अदालतले कार्यारम्भ पनि गरेको छ । अदालतले कार्यारम्भ गरेको पहिलो दिनै तीनवटा मुद्दा दायर भएको छ,। जसको सन्देश भनेको उपभोक्ता ठगिएका छन् र न्याय खोजिरहेका थिए भन्ने हो । संवैधानिक र कानुनी व्यवस्था उपभोक्ता हितका खातिर पहिलो कदम थिए भने अदालतको स्थापना दोस्रो कदम हो ।

अब अदालतबाट न्याय भयो भने मात्रै संविधानले भने झैं उपभोक्तालाई आफ्नो हक सुनिश्चित रहेको यकिन हुन्छ । उपभोक्ता अदालतले उपभोक्तालाई छिटो, छरितो न्याय दिन सक्यो भने त्यसको अर्थ रहन्छ । यस प्रकारको विशिष्ट अदालत पनि हाम्रो लोकतन्त्रको अर्का एउटा सुन्दर पक्ष भएको छ । नुनदेखि सुनसम्ममा नेपाली ठगिन्छन् भनिन्छ। आम उपभोक्ताको गुनासो पनि त्यस्तै छ। कानुनी राजको प्रत्याभूतिका खातिर पनि उपभोक्ता हित संरक्षण अत्यावश्यक थियो । नागरिकलाई न्याय दिलाउने र कानुनी राजलाई बलियो बनाउने सन्दर्भमा पनि उपभोक्ता अदालतको गठन एक मानक हो ।

मूल्य तिरेको वस्तु वा सेवाको गुणस्तर पाउने हरेक उपभोक्ताको मौलिक हक हो । तर नेपालमा भने खानेकुरादेखि औषधोपचारसम्ममा हुने गरेका ठगीको सुनुवाइ र न्याय दिने निकायको अभाव थियो। त्यो अभाव उपभोक्ता अदालतको गठनले पूरा गरेको छ। राज्यको यो संरचनाले नागरिकलाई थप बलियो बनाउने विश्वास गर्न सकिन्छ। सानोतिनो वस्तु वा सेवा नै किन नहोस्, त्यसमा ठगिँदा मुद्दा मामिलामा जाँदा खर्चिलो भने हुनु हुँदैन। न्याय महँगो भए फेरि उपभोक्ता खुम्चिएर बस्ने परिस्थिति बन्छ। कानुन व्यवसायीले उपभोक्ताका मुद्दामा निःशुल्क कानुनी सेवा दिन गरेको प्रतिबद्धताले उपभोक्तालाई अर्को खुसी दिएको छ। तर उपभोक्ता अदालतबाट न्याय पाउन काठमाडौं केन्द्रितै हुनुपर्ने बिडम्वना सधैं रहनु भने हुँदैन। यो सुरुआत आफैंमा उत्तम प्रक्रिया हो, यसको विस्तार पनि आवश्यक छ।

परम्परागत अदालतहरूको प्रमुख समस्या न्यायमा ढिलाइ हो र न्यायको क्षेत्रमा ढिला न्याय दिनुलाई न्याय नमान्ने चलन पनि छ । त्यसैको पुनरावृत्ति उपभोक्ता अदालतमा पनि देखियो भनेचाहिँ उपभोक्ता ठगाइ र न्यायसंस्थाबाट पनि निराश हुनुपर्ने दिन आउन सक्छ। यो अदालतको सबैभन्दा ठूलो चुनौती न्यायमा चुस्तता र महँगो कानुन व्यवसायी शुल्क हो। सरकारले नै कानुन व्यवसायीलाई तलब दिएर पीडितले कानुनी सहायता पाउने व्यवस्था मिलाउन आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ चैत

भानु नगरपालिका कार्यालयले प्राविधिक शिक्षा पढ्न चाहने गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । हरेक वडाबाट दुई जनाका दरले २६ जनालाई छात्रवृत्ति प्रदान गरिएको हो ।

हरेक विद्यार्थीलाई रु एक लाख ५० हजारका दरले रु ३९ लाख रकम वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "प्राविधिक जनशक्ति उत्पादनगरी यसै नगरपालिकामा प्राथमिकताका साथ उहाँहरुलाई रोजगारी दिने योजना बनाइएको छ ।" यसैबीच, स्थानीय पाठ्यक्रम 'हाम्रो भानु' (कक्षा १-८) तयार गरेर नगरपालिका क्षेत्रका सबै विद्यालयमा निःशुल्क वितरण गरिएको छ । यस्तो पाठ्यपुस्तक निर्माण गर्नेमा भानु नगरपालिका गण्डकी प्रदेशमा पहिलो पालिका हो । सरकारले बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका लागि प्रतिदिन प्रतिव्यक्ति रु १५ का दरले दिवाखाजाका लागि अनुदान दिँदै आएकामा भानु नगरपालिकाले रु पाँच थप गरी प्रतिविद्यार्थी रु २० पुऱ्याई कक्षा ६ सम्म विस्तार गरेको छ ।

# माछापुच्छ्रे टेबुलटेनिस संघको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत



गण्डकी प्रदेश तथा कास्की जिल्ला टेबुलटेनिस संघको सक्रियतामा माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हालै भएको भेलाले युवराज अधिकारीको अध्यक्षतामा १३ सदस्यीय माछापुच्छ्रे गाउँपालिका टेबुलटेनिस संघ गठन भएको छ ।

संघको उपाध्यक्षमा सविता अधिकारी, सचिवमा सुजन नेपाली, कोषाध्यक्षमा गंगा गौतम अधिकारी, सहसचिवमा दीपेन्द्र नेपाली र सदस्यहरुमा खुशीराम नेपाली, विमल शाही, हेमन्त बहादुर शाही, सुजन घर्ति मगर, पुरन गुरुङ, राजु सार्की, साजन अधिकारी र शिला विक चयन भएका छन् । सो अवसरमा गण्डकी प्रदेश टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीले ग्रामिण भेगमा रहेका युवाहरुलाई खेलकुदमा आवद्ध गराउन राज्यले उचित व्यवस्था गर्न आवश्यक रहेको वताउँदै खेलकुद प्रति युवालाई उत्साहित गराई खेलाडि उत्पादनमा गाउँपालिकाहरुले भूमिका महत्वपूर्ण रहेकोले पालिका स्तरमा खेलकुद संघ स्थापना गर्न पहल गर्नुपर्ने वताए । सो अवसरमा माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मधुसुधन अधिकारी, कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष गौतम राज लामा, गण्डकी प्रदेश टेबुलटेनिस संघका सचिव अनुष कुँवर, नि. सचिव कृष्ण रानाभाट, सदस्यहरु दिपक राज गिरी र ई. प्रकाश वाग्ले, नवनिर्वाचित गापा अध्यक्ष युवराज अधिकारी लगायतले माछापुच्छ्रे गाउँपालिकामा टेबुलटेनिस संघको सम्भावना वारेमा बोलेका थिए । माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिका संयोजक हुम बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन युवराज अधिकारीले गरेका थिए ।

# गणतन्त्रको विकल्प अन्य कुनै व्यवस्था हुनसक्दैन : गृहमन्त्री लेखक

**पोखरापत्र संवाददाता**
नवलपुर, ९ चैत

गृहमन्त्री रमेश लेखकले गणतन्त्रको विकल्प अन्य कुनै व्यवस्था हुन नसक्ने बताउनुभएको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा शनिबार आयोजित कार्यक्रममा उहाँले गणतन्त्रमा केही पनि भएन भनेर गर्न खोजिएको प्रचार गलत भएको बताउनुभयो ।

"मुलुकमा समस्या छैनन् भनेर म भन्दिन, समस्या छन् । बेराजगारी, आर्थिक शिक्षा, विकास पूर्वाधारमा समस्या छन् । सोचेअनुसार आर्थिक वृद्धि गर्न सकिएको छैन", समस्या गृहमन्त्री लेखकले भन्नुभयो,"तर, नेपालमा समस्या मात्रै छन् भनेर बनाउन खोजिएको भाष्य सत्य होइन । विभिन्न चुनौती र समस्याका बाबजुत धेरै काम भएका छन् । धेरै काम गर्ने प्रयत्न भइरहेको छ ।"

उहाँले नेपालमा रहेका अपार सम्भावनाहरूलाई पहिचान गरी तिनको कार्यान्वयनका लागि सरकार प्रतिबद्ध भएर लागेको छ । "समस्यालाई मात्रै हेरेर बस्ने हो भने समस्याको चाङले च्यापिन्छौँ तर सम्भावना हेरेर अगाडि बढ्यौँ भने विकासको गतिमा अगाडि बढ्न सक्छौँ, यसमा सबैको साझा प्रयास आवश्यक छ", मन्त्री लेखकको भनाइ थियो ।

उहाँले गणतन्त्रले केही दिएन, लोकतन्त्रले केही भएन भनेर निरङ्कुशताको कुरा गर्नु गलत भएको भन्दै यस्ता गलत प्रचारको पछि नलाग्न सबैलाई आग्रह गर्नुभयो । "लोकतन्त्रको विकल्प निरङ्कुश व्यवस्था र गणतन्त्रको विकल्प राजतन्त्र वा अरु केही हुनसक्दैन। गणतन्त्रको स्थापनापछि धेरै उपलब्धि भएका छन्, यसको गति बढाउन सबैबाट इमान्दार प्रयत्न आवश्यक छ । यसमा नागरिक, दल र सरकार मिलेर अगाडि बढ्नुको विकल्प छैन", मन्त्री लेखकको भनाइ थियो,"म क्याम्पस पढ्ने बेला स्नातक तहको अध्ययनका लागि काठमाडौँ वा भारत जानुपर्ने बाध्यता थियो। स्वास्थ्य समस्या त्यस्तै थियो, हाल गाउँगाउँमा उच्च शिक्षा र स्वास्थ्य सुविधा पुगेको छ। देशभित्रै सम्भावना खोज्नका लागि सरकारले वातावरण बनाउँदैछ। अब हाम्रो सम्पूर्ण ध्यान रोजगारी सिर्जनामा केन्द्रीत गर्नुपर्ने बेला भएको छ ।" उहाँले देशभित्रै रोजगारी मिल्ने वातावरण निर्माणका लागि सरकारले काम गरिरहेको बताउनुभयो । "सबैको साथ हुनुपर्छ, देशभित्रै सम्भावनाको सुनिश्चितता गर्छौं । गास, बासको व्यवस्था सुनिश्चितता गर्छौं", उहाँले भन्नुभयो, "अहिले सामान्य श्रमिकको रूपमा जनशक्ति पठाइरहेको नेपालले आगामी १० वर्षभित्र विश्वस्तरकै दक्षजनशक्ति निर्माण गरी स्वदेश र विदेशका धेरै देशमा पठाउन सक्छ। देशभित्र स्थापना भएका प्राविधिक धारका विश्वविद्यालयले मुलुकका लागि आवश्यक पर्ने दक्षजनशक्ति निर्माण गर्ने काममा लागिरहेका छन् ।" कार्यक्रममा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्तले प्राविधिक शिक्षा घरआँगनमा पुऱ्याउने लक्ष्यसहित क्याम्पसलाई सम्बन्धन दिइरहेको बताउनुभयो। उहाँले हाल विश्वविद्यालयसँग एउटा केन्द्रीय क्याम्पस तथा १५ वटा आङ्गिक क्याम्पस र ३१ वटा सम्बन्धन प्राप्त क्याम्पस रहेको जानकारी दिनुभयो । विश्वविद्यालयमा करिब १८ हजार विद्यार्थी अध्ययनरत रहेका भन्दै उपकुलपति पन्तले शैक्षिक क्यालेन्डरलाई पूर्ण पालना गर्दै उत्कृष्ट विश्वविद्यालय बनाउन आफूहरू लागिपरेको बताउनुभयो ।

# सिद्धानेखर्कमा चट्याङ लागेर ४० भेडा मरे

**रासस**
काठमाडौं, ९ चैत

मकालु गाउँपालिका-३ सिद्धानेखर्क संखुवासभामा चट्याङ लागेर ४० भेडा मरेका छन् ।

शुक्रबार राति मकालु-३ सिम्माका टेकबहादुर मेघीको भेडीगोठमा चट्याङ लागेर ४० वटा भेडा मरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामकुमार लामिछानेले जानकारी दिनुभयो ।

गोठमा रहेका दुई सय ५० भेडा रहेका थिए ।

इलाका प्रहरी कार्यालय हेदाङनामार्फत घटनाको थप जानकारी लिने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

# पश्चिमाञ्चल माविमा १२ कक्षाका विद्यार्थीलाई विदाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत




पोखरा-४ गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले कक्षा १२ का विद्यार्थीलाई शनिबार एक कार्यक्रम गरि बिदाई गरेको छ । राष्ट्रिय परीक्षा बोर्डले लिने अन्तिम परीक्षाको तयारीमा रहेका विद्यार्थीलाई शनिबार बिदाई गरेको हो ।

कक्षा ११ सकेर १२ को अन्तिम परीक्षाको पर्खाइमा रहेका उनीहरुलाई मायाको चिनो सहित बिदाई गरिएको थियो । विद्यालयका प्राचार्य सरोज कोइरालाले २ वर्षसम्म पश्चिमाञ्चलले दिलाएको शिक्षाको ज्ञानलाई भरपुर प्रयोग गर्न विद्यार्थीलाई शुभकामना दिए। विद्यार्थी भविश्यमा जहाँ गएपनि सम्बन्ध भने पश्चिमाञ्चलसँग सधैंका लागि रहिरहने उनले बताए ।

विद्यालयका प्लस टु संयोजक देव क्षेत्रीले आगामि दिनमा अझै मेहनत गरेर अध्ययन गरेर सफलता हात पार्न विद्यार्थीलाई शुभकामना दिए । उनले भने, ' पश्चिमाञ्चलले २ वर्ष पढायो । अब त्यसको परिणाम निकाल्ने जिम्मा विद्यार्थीको हो । किनकी अबको परीक्षाले विद्यार्थीको भविश्य कस्तो हुने भन्ने निर्धारण गर्नेछ । पश्चिमाञ्चल फाउन्डेसनका अध्यक्ष प्राडा रामनाथ ओझाले आगामि दिनमा अझै मेहनतका साथ अध्ययन गरेमा मात्र सफलता हात पर्ने भएकोले विद्यार्थीले पढाईमा जोड दिनुपर्ने बताए । ओझाले भने, 'विद्यार्थीले भविश्य कस्तो बनाउने भन्ने उनीहरुकै मेहनतमा भर पर्छ । त्यसैले अबका दिन अझै मेहनत गर्नुपर्छ ।

कार्यक्रममा विद्यालयकी सहप्राचार्य मीनु श्रेष्ठ कुँवर, विद्यालयका संचालक सदस्य डा. कपिल कोईराला, सिनियर इन्चार्ज विजयराज अधिकारी लगायतले पनि विद्यार्थीलाई शुभकामना दिएका थिए । उक्त कार्यक्रममा कक्षा ११ का विद्यार्थीले १२ कक्षाका विद्यार्थीका लागि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पस्केका थिए । पश्चिमाञ्चल माविमा मानविकी, कानुन, विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन विषयमा कक्षा ११ र १२ मा अध्यापन हुन्छ ।

# सबै समाजवादी र माओवादीलाई एकताबद्ध गर्ने अध्यक्ष दाहालको उद्घोष

**रासस**
चितवन ९ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले 'प्रचण्ड'ले आगामी आम निर्वाचनसम्ममा सबै माओवादीलाई पार्टीको झण्डामुनि एकताबद्ध गरिने बताउनुभएको छ ।

जनतासँग माओवादी, तराई-मधेस जागरण अभियानअन्तर्गत शनिबार यहाँ आयोजित जागरणसभामा उहाँले भन्नुभयो, "विसं २०८४ को निर्वाचनमा माओवादीहरु र समाजवादीलाई एकताबद्ध गर्ने ठाउँमा ल्याउने तयारीमा छौं ।"

उहाँले अब माओवादी २०६४ सालमा हासिल गरेको चुनावी परिणम पुनः प्राप्त गर्नेतर्फ लागेको, आम जनतामा माओवादी केन्द्र एक्लै हिँड्न सक्दैन भन्ने भाष्य चिर्दै अघि बढ्ने बताउनुभयो । माओवादी कमजोर हुँदा प्रतिगामी तत्व सल्वलाएका उहाँको तर्क थियो। आफूहरु पहिलेदेखि नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा रहेको बताउँदै उहाँले देशको विकासका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुन आवश्यक रहेको छ भन्नुभयो । माओवादी केन्द्रप्रति जनताको विश्वास बढेको अभियानका क्रममा आफूले महसुस गरेको बताउँदै उहाँले जनताको माग सम्बोधन गर्ने दल माओवादी केन्द्र भएको दोहोऱ्याउनुभयो ।


**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस**
**पोखरा, नेपाल**

**सेवा करारमा सुरक्षाकर्मी र कार्यालय सहयोगी सरहका पदको पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसका लागि संस्थागत सेवा करारमा ६ जना सुरक्षाकर्मी (गार्ड) र ३ जना कार्यालय सहयोगी सरहका कार्यालय (पियन/चौकीदार/महिला छात्रावास सरसफाई आदि) आवश्यक स्थानमा कामकाज गर्ने गरी ९ (नौं) जना जनशक्तिको पदपूर्ति गर्नुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, राष्ट्रिय रुपमा गुणस्तरिय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक नेपाल सरकारबाट आधिकारिक ईजाजत पत्रप्राप्त, सामाजिक सुरक्षा कोषमा आवद्ध फर्म, कम्पनी वा संस्थाहरुवाट मिति २०८१।१२।२४ गतेभित्र रीतपूर्वक शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

निमित्त क्याम्पस प्रमुख

# आर्बा बहुउद्देश्यीयको रक्तदानमा ४१ युनिट

पोखरापत्र संवाददाता
पोखरा, ९ चैत



पोखरा महानगरपालिका वडा न १३ काहुखोलामा अवस्थित आर्वा बहुउद्देश्यीय सहकारी संस्था लि. ले आफ्नो तेस्रो बार्सिकोत्सबको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

सहकारी प्राङ्गणमा काहुखोलामा शनिवार भएको कार्यक्रममा संस्थाका अध्यक्ष नवीन बरालको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रमका प्रमुख अथिती पोखरा महानगरपालिका वडा न १३ का वडाध्यक्ष किरण बरालले पहिलो रक्तदाता सुदर्शन बराललाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रम उद्घाटन गरिएको थियो । कार्यक्रममा रक्त सन्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको थियो । संस्थाले आफ्नो स्थापना दिवसको अवसरमा प्रत्येक बर्ष रक्तदान कार्यक्रम आयोजना गर्ने गरेको संस्थाका अध्यक्ष नवीन बरालले जानकारी गराए। कार्यक्रममा रक्त सन्चार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले रक्तदान गर्नुको फाइदाको बारेमा जानकारी गराउनु भएको थियो । संस्थाका सह सचिब बुद्धि बरालले सन्चालन गरेको कार्यक्रममा ४१ जना रक्तदाताले रक्तदान गरेका थिए।

# अन्तरजातीय विवाह गर्ने दम्पतीलाई सम्मान

पोखरापत्र संवाददाता
म्याग्दी, ९ चैत

पर्वतको जलजला गाउँपालिकाले अन्तरजातीय विवाह गर्ने दम्पतीलाई सम्मान गरेको छ। ६०औँ अन्तरराष्ट्रिय जातीय विभेद उन्मूलन दिवस-२०८१का अवसरमा गाउँपालिकाले आज २८ दम्पतीलाई नगदसहित सम्मान गरेको हो।

गाउँपालिकाको केन्द्र लामाखेतमा आयोजित सम्मान कार्यक्रममा अन्तरजातीय विवाह गरेका हरेक जोडीलाई नगद रु पाँच हजारसहित सम्मान गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य नन्दकला दमाई, जिल्ला समन्वय समिति उपप्रमुख सोमबहादुर जिसी, गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्य, उपाध्यक्ष दिपक आचार्यलगायतले अन्तरजातीय जोडीलाई सम्मान गर्नुभयो।

जातीय भेदभावलाई हटाउँदै समाज रुपान्तरणमा अन्तरजायीय विवाह गरेका व्यक्तिको महत्त्वपूर्ण योगदान रहेकाले उहाँहरुलाई सम्मान गरिएको गाउँपालिका अध्यक्ष आचार्यले जानकारी दिनुभयो।

कानुनी रूपमा जातीय भेदभाव र छुवाछुतलाई वर्जित गरिएपनि सामाजिक कुरीतिका रूपमा रहेकाले अन्तरजातीय विवाह गरी समाजमा उदाहरणीय भूमिका निर्वाह गरेका दम्पतीलाई सम्मान गरिएको उहाँले बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य नेपालीले गाउँपालिकाले अन्तरजातीय विवाह गरेका जोडीलाई गरेको सम्मानले सकारात्मक सन्देश दिएको बताउनुभयो।

गाउँपालिकाले पालिकाभित्रका सबै वडामा दलित र गैरदलितबिच विवाह भएका जोडीको विवरण सङ्कलन गरेर सम्मान गरेको गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार, दिवसको अवसरमा गत वर्ष पालिकाले सञ्चालन गरेको कक्षा ८, १० र राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको कक्षा १२ को परीक्षामा उत्कृष्ट अङ्क ल्याउने दुई/दुईजना दलित छात्र र छात्रालाई पनि नगद रु तीन हजारसहित सम्मान गरीएको छ।

# भीरकोटमा दुई सडक कालोपत्र

पोखरापत्र संवाददाता
वालिङ, ९ चैत

स्याङ्जाको भीरकोट नगरपालिकामा चालु आर्थिक वर्षमा दुई सडक कालोपत्र गरिएका छन्। भीरकोट-६ को सुन्दरबजार-मोहनडाँडा-ठूलीभञ्ज्याङदेखि पर्वतको हातेमालोचोकजानेसडककालोपत्र गरिएको छ । सुन्दरबजारदेखि-स्वरेक मैदान सडकको सडक कालोपत्र गर्ने काम सकिँदै छ।

सुन्दरबजारदेखि पर्वतको हातेमालोचोक जोड्ने सडक कालोपत्रको काम भइरहेको भीरकोट नगरपालिकाका इञ्जिनियर सरोज पराजुलीले बताउनुभयो । आगामी असार २० गतेसम्म सडक कालोपत्र सक्ने गरी काम भइरहेको उहाँले बताउनुभयो। सडक कालोपत्रसँगै पक्की नाली र पर्खाल निर्माण गर्ने काम भइरहेको छ । त्यस्तै सुन्दरबजारदेखि स्वरेक मैदान जोड्ने सडक स्तरोन्नति गरिएको छ । विसं २०८१ पुस २६ गते सम्झौता भई निर्माण सुरु भएको उक्त सडक आगामी जेठ मसान्तसम्ममा सक्नुपर्ने भए पनि तोकिएको समयअगावै सम्पन्न भएको योजना शाखा प्रमुख यामप्रसाद रेग्मीले बताउनुभयो । उक्त सडकमा पर्खाल बनाउने, जाली हाल्ने र पक्की नाली निर्माण गरिएको छ । नगरपालिकाले नगरका गौरवका सडकलाई प्राथमिकताका आधारमा निर्माण गर्दैआएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो।सुन्दरबजारदेखिपर्वतको हातेमालोचोक जोड्ने सडक ५० प्रतिशत सङ्घीय समपूरक अनुदान र ५० प्रतिशत नगरपालिकाको लागत सहभागितामा सञ्चालन भएको उहाँले बताउनुभयो। त्यस्तै सुन्दरबजारदेखि स्वरेक मैदान जोड्ने सडक गण्डकी प्रदेश सरकारको समपूरक अनुदान ६० प्रतिशत र नगरपालिकाको ४० प्रतिशत लागत साझेदारीमा निर्माण सम्पन्न भइसकेको छ।

# राष्ट्रिय ज्योतिष, वास्तु एवं तन्त्र सम्मेलन गोरखामा

पोखरापत्र संवाददाता
पोखरा, ९ चैत




दक्षिण एशियाली ज्योतिष महासंघ नेपालको आयोजनामा राष्ट्रिय ज्योतिष, वास्तु एवं तन्त्र सम्मेलन गोरखामा सम्पन्न भएको छ।

नेपालभरका विशिष्ट ज्योतिषी, वास्तु एवं तन्त्रसँग सम्बन्धित विद्वान सहभागी सम्मेलनमा विभिन्न विषयमा प्रशिक्षण र ज्ञान आदान-प्रदान गरिएको थियो। सम्मेलन उद्घाटन गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले गरेका थिए । कार्यक्रममा गोरखा नगरपालिकाका मेयर कृष्णबहादुर राना मगर र उपममेयर माया ठोकरले बोलेका थिए । कार्यक्रममा सहभागीलाई ज्योतिष विषयमा डा. लोकराज पौडेल, वास्तु विषयमा डा. माधव मंगल जोशी तथा तन्त्र विषयमा डा. सहदेव विष्टले प्रशिक्षण दिएका थिए। साथै ज्योतिष, वास्तु तथा तन्त्र शास्त्रमा विशेष योगदान पुऱ्याउनेलाई विभिन्न पदवी र सम्मानपत्र प्रदान गरिएको थियो। गण्डकी प्रदेशका अग्रणी ज्योतिषीको योगदानको कदर गर्दै विशिष्ट अलंकार र अवार्डद्वारा सम्मान गरियो।

जसमा दक्षिण एशियाली ज्योतिष महासंघले ज्योतिषी एवं वास्तुविज्ञ अमृत पौडेललाई 'ज्योतिष अलंकार' तथा 'गोरखनाथ अवार्ड' द्वारा सम्मान गरेको छ । साथै महासंघको गण्डकी प्रदेश अध्यक्ष विष्णुप्रसाद सुवेदी र कोषाध्यक्ष एवं केन्द्रीय सदस्य भवेश भट्टराई पनि सो अवसरमा सम्मान गरिएको थियो । दुई सत्रमा भएको कार्यक्रम डा. लोकराज पौडेल र सहदेव विष्टको सभापतित्वमा भएको थियो । कार्यक्रमको सञ्चालन दक्षिण एशियाली ज्योतिष महासंघका महासचिव रविन पगेनी र अन्तर्राष्ट्रिय समिति सभापति आचार्य लक्ष्मण पन्थीले गरेका थिए। कार्यक्रममा सहभागीले गोरखाका विभिन्न ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गराइएको केन्द्रीय सदस्य अमृत पौडेलले जानकारी दिए।

# लेकसिटीमा पहिलो वर्षका विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, ९ चैत



नयाँ विद्यार्थीहरुलाई स्वागत गर्दै लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर पोखराले शुक्रबार कार्यक्रम सम्पन्न गरेको छ।

कलेजका स्नातक तह द्धितीय वर्षका विद्याथीहरुको आयोजनामा भएको कार्यक्रममा प्रथम वर्षमा अध्ययनरतलाई स्वागत गरिएको थियो। लेकसिटीले स्नातक तहमा बिबिएस, बिएमा समाजसेवा, समाजशास्त्र, पत्रकारिता तथा आमसञ्चार पठनपाठन गर्दै आएको छ। कार्यक्रममा कलेज संचालक समितिका अध्यक्ष प्रा.डा. विश्वकल्याण पराजुलीले विश्वविद्यालय शिक्षाका लागि पहिलो खुड्किलाको रुपमा लेकसिटीलाई रोजेको भन्दै विद्यार्थीहरुलाई स्वागत गरेका थिए। उच्च शिक्षाको यात्रा प्रारम्भ गरेसँगै विद्यार्थीहरुले केही महत्वपूर्ण कुराहरु स्मरण गर्नु पर्ने अध्यक्ष प्रा. डा. पराजुलीको भनाई थियो। "अब लेकसिटी कलेजमा तपाईहरु नयाँ अवसर, चुनौति र सफलतासँग भरिएको यात्रामा प्रवेश गर्दै हुनुहुन्छ",उनले भने । विश्वविद्यालय शिक्षा धेरै सफल मान्छेहरुको जीवन परिवर्तन गर्न कोशेढुंगाको रुपमा रहेको उनको भनाइ थियो । धेरैले आफ्ना लक्ष्य र उद्देश्यको पहिचान विश्वविद्यालयबाट गरेको भन्दै विद्यार्थीहरु केवल प्रमाणपत्र प्राप्त गर्ने कुरामा मात्र सिमित नभई परिचय निमार्ण र सिप विकासमा पनि केन्द्रित हुन उनले सुझाव दिए। पश्चिमाञ्चल फाउण्डेशनका अध्यक्ष प्रा.डा. रामनाथ ओझाले लेकसिटी कलेज स्थापनाको क्षण स्मरण गर्दै अहिले यो पोखराको नमुना शैक्षिक संस्थाको रुपमा विकास हुन सकेको बताए । कलेजमा विद्यार्थीहरुको भर्ना, शैक्षिक गतिविधि र परिणामले समय सापेक्ष शिक्षा दिन लेकसिटी सफल रहेको विश्वास फाउण्डेशनका अध्यक्ष प्रा. डा. ओझाले व्यक्त गरेका थिए । क्याम्पस प्रमुख नारायण श्रेष्ठले वार्षिक रुपमा सम्पन्न विभिन्न गतिविधि बारे प्रकाश पारेका थिए। क्याम्पस प्रमुख श्रेष्ठले विगतमा भर्ना भएका विद्यार्थीहरु जस्तै नयाँ विद्यार्थीहरु पनि शैक्षिक र अतिरिक्त गतिविधिहरुमा सक्रिय रहेको जानकारी दिए।

कलेजको हरेक गतिविधिलाई अगाडि बढाउन विद्यार्थीको सक्रियताले प्रमुख भूमिका खेल्ने भएकाले प्रशासन नयाँ सोच अनुरुप क्रियाशील भइरहेको उनको भनाइ थियो । सहायक क्याम्पस प्रमुख शोभकान्त सिग्देलले स्वागत मन्तव्य राख्दै विद्यार्थीहरुलाई अनुशासित भएर कलेजका सबै कार्यक्रममा सक्रिय सहभागिता हुन अनुरोध गरे। बिए दोस्रो वर्षमा अध्ययनरत विज्ञानराज सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा बिए दोस्रो वर्षमा अध्ययनरत द्धय सुमिना पुन र ओसिन बरालले साहित्यमय लयमा कार्यक्रम संचालन गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुतिका रुपमा गायन, नृत्य र हास्यव्यंग्य पस्केर उपस्थिति सबैलाई मन्त्रमुग्ध पारेका थिए । हालै कलेजमा सम्पन्न भएको स्पोर्टस् मिटका विजयी खेलाडीहरुलाई मेडल, शिल्ड र प्रमाणपत्र वितरण गरिएको थियो। यसैगरी लामो समय सम्म कार्यरत सबैका प्रिय शिक्षकहरु क्रमश शुरेशराज ढकाल, रोशिना कुँवर, सुशन थापा र विष्णुप्रसाद अधिकारी उनकी धर्मपत्नी कल्पना आचार्य अधिकारीलाई सम्मानपत्र, दोसल्ला र मायाको चिनो सम्मान गरियो। त्रिविविको स्नातक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विएमा सुजता ढकाल र विविएसवाट विक्रम थारुलाई विद्यार्थी सम्मानद्धारा सोही कार्यक्रममा भव्यताका साथ सम्मान गरिएको थियो । त्रिविविबाट सम्बन्धन प्राप्त यो कलेज २०६४ मा स्थापना गरिएको हो।

हाल कलेजमा ३ सय ५० विद्यार्थी अध्ययनरत छन् । कलेजले शैक्षिक गतिविधिका अलावा अध्ययनरत विधार्थीहरुलाई सहभागी गराएर विभिन्न कार्यक्रमहरु वार्षिक रुपमा गर्दै आइरहेको छ । रक्तदान, वृक्षरोपण, फिल्ड भिजिट, साँस्कृतिक कार्यक्रम लगायत समय अनुसारको कार्यक्रम गर्दै आइरहेको छ। त्यसैगरी कलेजमा सामाजिक विज्ञान केन्द्रले मौलिक प्रस्तुतिका रुपमा हरेक महिना कचहरी कार्यक्रम गर्दै आएको छ।

# मनाङको फू गाउँमा सशस्त्रको 'बिओपी' राखिने

पोखरापत्र संवाददाता
मनाङ, ९ चैत

हिमाली जिल्ला मनाङ र चीनको सिमानामा बोर्डर आउट पोष्ट (बिओपी) स्थापना गरिने भएको छ । सीमा नाका निर्धारण गर्ने उद्देश्यले नार्पाभूमि गाउँपालिकामा बीओपी स्थापना गरिने भएको हो।

नार्पाभूमि गाउँपालिका-४ फू गाउँमा बिओपी स्थापना गरिने जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ । समुद्री सतहदेखि करिब चार हजार मिटर उचाइमा बिओपी स्थापना गर्न लागिएको हो। प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले सीमामा सहजता र सुरक्षाका लागि बिओपी स्थापना गर्न लागिएको बताउनुभयो । उहाँले बिओपी स्थापनाका लागि २० रोपनी जग्गा दीर्घकालीन रुपमा भाडामा सशस्त्र प्रहरीलाई उपलब्ध गराइएको जानकारी दिनुभयो । सरकारी जग्गा आवश्यकता अनुसार सशस्त्र प्रहरीले उपयोग गर्ने गरी भाडामा जग्गा उपलब्ध गराइएको प्रजिअ आचार्यले बताउनुभयो।

जग्गा भाडाको प्रमाणपत्र सशस्त्र प्रहरी बल नं. ३२ का गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक हिराबहादुर जिसीलाई एक कार्यक्रमबीच बिहीबार हस्तान्तरण गरिएको छ । "फू क्षेत्र मनाङको विकट क्षेत्र हो । हालसम्म सडक सञ्जाल समेत नपुगेकाले बिओपी स्थापनापछि सीमा सुरक्षा तथा निगरानीका साथै अन्तरदेशीय अपराध नियन्त्रण प्रभावकारी हुने अपेक्षा गरिएको छ", प्रजिअ आचार्यले भन्नुभयो।

बिओपीमा प्रहरी निरीक्षकसहित ३५ जना सशस्त्र प्रहरी खटाइनेछ। प्रजिअ आचार्यले नार्पाभूमि गाउँपालिकासँग समन्वय गरेर अघि बढ्ने र जतिसक्दो छिटो बिओपी गरिने बताउनुभयो।

उहाँले बिओपी स्थापना पछि शान्ति सुरक्षा, विपद व्यवसथापन तथा लेक लागेर बिरामी हुने पर्यटकको उद्धारमा थप प्रवभाकारी हुने अपेक्षा गरिएको बताउनुभयो । नार्पाभूमि चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको पालिका हो । फू गाउँ पुग्न सदरमुकाम चामेबाट दुई दिन लाग्दछ।


## नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था. लि. वालिङ-८ स्याङ्जाको ३५ दिने कर्जा चुक्ता गर्न आउने सूचना

**प्रकाशित मिति २०८१/१२/१० गते**

यस नेपाल आदर्श बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कर्जा लिई कारोबार गर्दै आउनु भएका तपशिल बमोजिमका सदस्यले लिएको कर्जाको तिर्न बुझाउन पर्ने सावा, व्याज तथा अन्य दै-दस्तुर समेतको रकम बारम्बार ताकेता गर्दा समेत कर्जा तिर्न वेवस्ता गरी बुझाउन बाँकी राखेकोले यस संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन भएको हुँदा यस संस्थाले मितिः २०८०।०४।१४ गते ०७ दिने ताकेता पत्र, मितिः २०८१।०१।१७ गते १५ दिने ताकेता पत्र, र मितिः २०८१।०२।१६ गते ३५ दिन ताकेता पत्र पठाउँदा समेत नआउनु भएकोले यस संस्थाको सञ्चालक समितिको वैठक मितिः २०८१।०३।२९ को प्रस्ताव नं.२ र निर्णय नं.२ बाट पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय भएको हुदाँ यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको कार्यालयमा सर्म्पक गरि सो दिन भित्र आफुले तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। साथै यदि सो दिन भित्र नाआएको खण्डमा यस संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को दफा ३०, र यस संस्थाको ऋण नीति २०७९ बमोजिम यस संस्थालाई लेखिदिएको धित्तो लिलाम गरि कर्जा असुल गरिने र सोबाट नपुग भएमा कानुन बमोजिम अन्य चल अचल सम्पत्तिबाट तथा घरघराना समेतबाट बाँकी रकम असुल गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : श्री याम बहादुर थापा<br>बाबुको नाम : श्री विर बहादुर थापा<br>बाजेको नाम : श्री मानध्वज<br>अस्थायी ठेगाना : स्वरेक ०२, स्याङ्जा<br>स्थायी ठेगाना : स्वरेक ०२, स्याङ्जा | नाम थर : श्री उषा कुवँर थापा<br>बाबुको नाम : श्री धन बहादुर कुवँर<br>ससुराको नाम : श्री विर बहादुर थापा<br>अस्थायी ठेगाना : कालिकाकोट ०२, स्याङजा<br>स्थायी ठेगाना : स्वरेक ०२, स्याङजा |

| जमानीको विवरण |
|---|
| नाम थर : श्री सावित्री कुवँर<br>बाबुको नाम : श्री धन बहादुर कुवँर<br>ससुराको नाम : श्री बुद्धि बहादुर कुवँर<br>अस्थायी ठेगाना : कालिकाकोट ०२, स्याङ्जा<br>स्थायी ठेगाना : थुमपोखरा ०८, स्याङ्जा |

जग्गाको विवरण (धित्तोको विवरण):

| जिल्ला | गा वि स | वडा नं | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| स्याङजा | स्वरेक | ०२ | २८० | ३-०-१-० |

विस्तृत जानकारीको लागि
**नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था. लि.**
वालिङ-८ स्याङजा, फोनः ०६३-५९०००३, ९८५६०५७२९९
Email : nepaladarshamultipurpose215@gmail.com